नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नं.: ९०३

मिति :२०७७/०६/३०

विषयः पशुपन्छी बजार व्यवस्थापन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. ०७७/७८ च.नं. ४१ मिति २०७७/०६/२९ को पशुपन्छी बजार व्यवस्थापन सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी सोहि बमोजिम आसन्न बडा दशैंमा मासुजन्य पदार्थहरुको बिक्रीवितरण सम्बन्धी व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

2020-10-16 14:23

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०७७/७८
च.नं. : ४१

मितिः २०७७।०६।२९

विषयः पशुपन्छी बजार व्यवस्थापन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा आसन्न बडा दशैंमा माछामासु लगायत मासुजन्य पदार्थहरुको उपभोगमा वृद्धि हुने र सो मागलाई लक्षित गरी देशैभरीबाट पशुपन्छीको ओसार पसारमा समेत वृद्धि हुने भएकोले प्रत्येक स्थानीय तहका निश्चित स्थानमा स्वास्थ्यका मापदण्ड तथा पशु कल्याणका आधारभूत पक्षहरुको पालन हुने गरी खसीबोका विक्री वितरण गर्न बजार क्षेत्र तोकि सोही स्थानबाट विक्रीवितरण हुने व्यवस्था मिलाउन, स्वस्थ पशुपन्छीको मासुको उपभोग गर्न/गराउन, पशुपन्छीमा कुनै महामारी रोग देखापरेमा नजिकको पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परीक्षणको लागि पठाउन तथा प्राविधिक पृष्टपोषण आवश्यक भएमा पशु सेवा विभाग, हरिहरभवन, ललितपुर (फोन ०१-५५२२०५६) मा सम्पर्क गर्न सबै स्थानीय तहहरूलाई जानकारी गराइदिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७७।६।२९ को निर्णयानुसार अनुरोध छ।

२०७७।६।२९

डा. बरुण कुमार शर्मा
बरिष्ठ पशु चिकित्सक

बोधार्थ
श्री पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

2020-10-16 14:14